१७ औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २३७ ॥ २०८२ कातिक ०२ गते आईतबार (19th Oct 2025 Sunday) Pratidin National Daily मूल्य-रु.५/-

## नक्कली सुन दिएर विरामीको तीन तोलाको सुनको सिक्री ठगी

झापा(प्रस) । भद्रपुरस्थित प्रादेशिक अस्पतालमा एक जना विरामी ठगिएका छन् । नक्कली सुन दिएर ती विरामीसंग तीन तोलाको सुनको सिक्री ठगी भएको हो । शुक्रवार बिहान ११.३० बजे वर्षीय प्रदिपकुमार कार्की मुटुसम्बन्धी बिरामी भई फलोअपको लागि प्रादेशिक अस्पताल गएका थिए । अस्पताल अगाडि उभिरहेको अबस्थामा नाम र नम्बर नखुलेको स्कुटीमा दुईजना अपरिचित ब्यक्तिहरु आएर सुनजस्तो देखिने पहेंलो धातु देखाई कार्कीले लगाएको तीन तोला सुनको सिक्री ठगेका हुन् ।

'यो मेरो सुनको बिस्कुट राख्नु' भन्दै उनीहरुले कार्कीले लगाएको सुनको सिक्री ठगी गरी फरार भएका छन् । उनले वडा प्रहरी कार्यालय भद्रपुरमा आई लिखित निवेदन दिएपछि प्रहरी टोली खटिएर बुझ्ने कार्य भइरहेको र ठगी गर्ने मानिसहरुको खोजतलास भइरहेको प्रहरीले जनाएको छ ।

### लुटिएको गोली भेटियो

## वर्दी र हतियार लुट्ने दुई पक्राउ



झापा(प्रस)। जेनजी आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय दमकबाट लुटिएको एक थान गोली भेटिएको छ। शुक्रवार बिहान १०:३० बजे दमक नगरपालिका वडा नं. ८ लक्ष्मी मार्ग बस्ने ३८ वर्षीय कृष्णप्रसाद पाठकले बाटोमा बेवारिसे अवस्थामा एसएमजीको राउण्ड ९एमएमको १ थान गोली फेला पारेका हुन् । उनले सो गोली इप्रका दमकमा ल्याई बुझाएका छन् ।

त्यस्तै जेनजी आन्दोलनको क्रममा दमक प्रहरीको पोशाक लुटेर लगाई पोशाकको दुरुपयोग गर्ने दमक वडान.२ भाङबारी बस्ने ३३ वर्षीय रोशन साउदेन लिम्बूलाई प्रहरीले पक्राउ गरेको छ। शुक्रवार दिउँसो ४ बजे लिम्बूलाई दमक वडान.६थाना रोडबाट नियन्त्रणमा लिई इप्रका दमकमा ल्याई राखिएको छ ।

त्यस्तै जेनजी आन्दोलनको क्रममा प्रहरीको हतियार लुटेर लाने इलाम चुलाचुली वडा न.३ पेल्टीमारी बस्ने १९वर्षीय सुजन राईलाई दमक वडान.१ फाल्गुनन्दबाट प्रहरीले नियन्त्रणमा लिएको छ । हतियार लुट्ने एकजना यसअघि पक्राउ परेका छन् । प्रहरी कार्यालय आक्रमण र हतियार लुट्नेहरुको खोजी भइरहेको दमक प्रहरीले जनाएको छ ।

### नर्स आन्दोलनमा स्वास्थ्य मन्त्रालयको चासो

# आइतबार सर्वपक्षीय छलफल हुने

झापा(प्रस)। अत्यन्त न्यून तलब भत्ताबाट काम गर्नुपेको भन्दै देशभरका विभिन्न अस्पतालमा आन्दोलनरत नर्सहरुको मागका विषयमा छलफल भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शुक्रबार सरोकारवाला पक्षहरुको रुपमा आन्दोलनरत नर्सका प्रतिनिधिहरु, नेपाल नर्सिङ संघका प्रतिनिधि, निजी मेडिकल तथा डेन्टल कलेज संघका प्रतिनिधि, जेनजी प्रतिनिधि चिकित्सा शिक्षा आयोगका प्रतिनिधिसहित छलफल भएको थियो । उक्त छलफलमा आइतबार सर्वपक्षीय छलफल हुने निर्णय भएको छ ।

नेपाल नर्सिङ संघकी अध्यक्ष प्राध्यापक चन्द्रकला सार्दै पोखरास्थित मणिपाल मेडिकल कलेज, गण्डकी मेडिकल कलेज र धनगढीमा कार्यरत नर्सहरु आन्दोलनमा उत्रिएका छन् ।

अघिल्लो दिनमात्र प्रधानमन्त्री सुशीला कार्कीले बिहीबार मात्रै स्वास्थ्य सचिव डा विकास देवकोटालाई बोलाएर नर्सिङ आन्दोलन र उनीहरुको मागका विषयमा तत्काल छलफल गरी समाधान गर्न निर्देशन दिएकी थिइन् । सोही अनुसार शुक्रबार बेलुका मन्त्रालयले पहिलो चरणको छलफल गरेको हो ।

सर्वपक्षीय बैठकमा नेपाल नर्सिङ संघका अध्यक्ष



शर्माले नर्सिङका समस्या, आन्दोलनरत नर्सले उठाएको माग र सेवा सुविधाका विषयमा छलफल भएको जानकारी गराइन् । उनले स्वास्थ्य मन्त्रालयले २०८१ मङ्सिर २७ को स्वास्थ्य मन्त्री स्तरीय निर्णय तथा निर्देशनबारे जानकारी गराएको उल्लेख गर्दै अब निर्णायक आन्दोलन गर्ने चेतावनी दिएकी छन् । उनले कात्तिक २ गते सर्वपक्षीय छलफल हुने निर्णय भएको बताइन् ।

स्वास्थ्य सचिव डा.विकास देवकोटाले शुक्रबार भएको छलफल सकारात्मक दिशातर्फ अघि बढेको बताए । उनले आन्दोलनरत नर्सका विषयमा सरकार सकारात्मक रहेको बताए ।

सरकारी सरह सेवा सुविधा हुनु पर्ने माग अघि

प्राध्यापक शर्मा, निजी मेडिकल कलेज एण्ड डेन्टल कलेज एसोसिएसनका कोषाध्यक्ष समेत रहेका मणिपाल मेडिकल कलेजका सञ्चालक शान्तराज बतास, जेनजी अगुवा सुदन गुरुङ, मेडिकल व्यवसायी दुर्गा प्रसाई, स्वतन्त्र नर्स समूहका ज्योति रानाभाट, सागर खतिवडा लगायत सहभागी थिए ।

बैठकमा जेनजी अगुवा सुदन गुरुङले सुरुमै नर्सका समस्या बारेमा कुरा उठाउँदै नर्सिङ संघका प्रतिनिधिहरुलाई नर्सका समस्याहरु समाधानमा लाग्न आग्रह गरे ।

बीएण्डसीका संचालक दुर्गा प्रसाईंले आफूकहाँ कार्यरत नर्सहरुलाई सुविधाका विषयमा कुनै गुनासो नभएको बताएका छन् ।

## कमल गाउँपालिकाले करारका कर्मचारी नकाल्दै

झापा(प्रस) । कमल गाउँपालिकाले करारका लागि खोलेको अनमी र ल्याव टेक्निसियन पदको विज्ञापन रद्ध




गरेको छ। अर्थ मन्त्रालयको परिपत्र अनुसार स्वीकृत दरवन्दी वाहिरका पदहरुमा करारमा कर्मचारी राख्न नपाउने व्यवस्था भएकोले यस कार्यालयबाट प्रकाशित ल्याव टेक्निसियन र अनमी पदको विज्ञापन कार्यपालिकाको असोज ३० गतेको बैठकले रद्ध गरेको हो । पालिकामा रहेका अन्य करारका कर्मचारीहरुलाई पनि हटाइने भएको छ ।

त्यसबारे कार्यपालिकाको बैठकले छिट्टै निर्णय गर्न लागेको प्रमुख प्रशासकीय अधिकृत केशवकुमार ढकालले बताए । बिर्तामोड नगरपालिकाले हिजो १८ जना करारका कर्मचारीलाई कामबाट हटाएको छ ।

अन्तरिम सरकारले दरबन्दीभन्दा बढी कर्मचारी करारमा नराख्न निर्देशन दिएपछि झापाका विभिन्न पालिकाहरुले त्यसलाई कार्यान्वयन गर्दै करारका कर्मचारीहरुलाई निकाल्न थालेका हुन् ।

## बिजुलीको झिलिमिली जोड्ने क्रममा अर्को घाइते

झापा(प्रस)। बिजुलीको झिलिमिली जोड्ने क्रममा बिर्तामोडमा अर्को एकजना घाइते भएका छन् । शुक्रवार दिउँसो ३ बजे कचनकवल वडा न. २ बस्ने १८वर्षीय श्यामसेनगुरुङले बिर्तामोड वडा न. ५सुब्बा चोकस्थित आफ्नै हजुरआमा सन्तमाया गुरुङको घरमा विजुलीको बत्ती जोड्ने क्रममा उनलाई करेन्ट लागेको थियो । घाइतेलाई उपचारका लागि बीएण्डसी अस्पतालमा लगिएको छ



तीन दिनअघि बिजुलीको झिलिमिली जोड्ने क्रममा लडेर बिर्तामोडमा एकजना घाइते भएका थिए । बिर्तामोड वडा न.१ स्थित विवेक मित्तलको घरमा बिजुलीको काम गर्दै गरेको अबस्थामा बिर्तामोड ४बस्ने वर्ष ३६ का भवित साह लडेर घाइते भएका थिए ।

### बीएण्डसी अस्पताल विवाद

## उपचार खर्च मिनाहा र ५ लाख क्षतिपूर्ति दिने सहमति

झापा(प्रस)। उपचार खर्च मिनाहा गरी ५ लाख क्षतिपूर्ति दिने सहमतिपछि बीएण्डसी अस्पतालको विवाद मिलेको छ । शुक्रवार राति



अस्पताल प्रशासन र बिरामीका आफन्तबीच वार्ता भई अस्पतालले बिमारीको सम्पूर्ण उपचार खर्च मिनाहा गरिदिने र क्षतिपूर्तिबापत नगद ५ लाख दिने सहमति भएको हो । गत असोज २९ गते भद्रपुर ७ बस्ने ४४ वर्षीय दशरथ तामाङ जिब्रोको क्यान्सर सम्बन्धी बिरामी भई उपचारको लागि बीएण्डसी अस्पतालमा रहेको पूर्वाञ्चल क्यान्सर अस्पतालमा भर्ना भएका थिए । त्यसको भोलिपल्ट अस्पतालले अप्रेशन गरी आइसीयुमा राखेको थियो । हिजो साँझ बिरामी अन्तिम अवस्थामा रहेको भनी डाक्टरले जानकारी गराएपछि बिरामीका आफन्तहरुले डाक्टरको लापरवाहीको कारण बिरामी अन्तिम अवस्थामा पुगेको भन्दै विवाद गरेका थिए ।

# दाजुभाइ दिदीबहिनीहरुको पुनर्मिलनको अवसर तिहार

• **लक्ष्मी उप्रेती**

दशैंपछिको दोस्रो महान चाड तिहार नेपालीको घरआँगनमा आइसकेको छ । हिन्दूहरुको महान चाड वडादशैं पछिको अर्को ठूलो चाड तिहार शनिबारबाट घर-घरमा भित्रिसकेको छ । उज्यालोको पर्वका रूपमा चिनिने नेपालीहरूको दोस्रो ठूलो चाड तिहारलाई यमपञ्चक पनि भनिन्छ ।

पाँच दिनसम्म मनाइने र यमराज जोडिएका हुँदा यो पर्वलाई यमपञ्चक भनिएको शास्त्रमा उल्लेख छ । पाँच दिनसम्म मनाइने यमपञ्चकमा यमराजले आफ्नी बहिनी यमुनाका घरमा आतिथ्य ग्रहण गरेको हुनाले पनि यी पाँच दिनलाई यमपञ्चक भनिएको हो भन्ने विश्वास छ । यमपञ्चकमा क्रमशः काग, कुकुर, गाई, लक्ष्मी, गोवर्धन पर्वत र भाइ पूजा गरिन्छ । पिङ खेल्ने, दीपावली गर्ने र देउसीभैलो खेल्दै सेलरोटी आदि मिष्ठान्न खाई रमाइलो गरी मनाउने चाडका रुपमा तिहारलाई हेर्ने गरिन्छ ।

तिहारको अवधिमा यमराजले आफ्नी बहिनी यमुनाकहाँ पाँच दिनसम्म बसेर भाइटीका लगाएको मान्यता छ । तिहार दाजुभाइ दिदीबहिनीहरुको पुनर्मिलनको अवसर पनि हो । यो चाडले मानव तथा पशुबीचको प्रगाढ सम्बन्धको चित्र प्रस्तुत गरेको छ भने अर्कातिर दाजुभाइ तथा दिदीबहिनीबीचको आत्मीय र पवित्र स्नेह एवम् सम्बन्धलाई पनि प्रष्ट पारेको छ ।

यो चाड शनिबारबाट हाम्रो गाउँघर र शहर बजारमा भित्रिसकेको छ । हाम्रो मौलिक चाड तिहारको पाँच दिन घरको ढोकामा तेल हाल्ने र साँझ दियो बत्ती बालेर झिलीमिली बनाउने गरिन्छ । त्यसकारण पनि तिहार भित्रिएलगत्तै गाउँघरमात्र होइन, शहर बजारहरु झिलीमिली बत्तीले सजिएका छन् । अर्थात तिहार लागेसँगै राजधानी काठमाडौंलगायत प्रमुख शहरहरू झिलीमिली बत्तीले सजिन शुरु भएका छन् ।

हरेक वर्ष कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म मनाइने यो पर्व यमराज र उनका दूतहरूको पूजा गरेर मनाइन्छ । तिहारको पहिलो दिन भगवान् धन्वन्तरीको जन्म भएको हुनाले यस दिनलाई धन्वन्तरी जयन्ती पनि भनिन्छ ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अनुसार शनिबार धनतेरस र यमदीपदान, आइतबार काग तिहार र धनवन्तरी जयन्ती,(सूर्योदयकालमा त्रयोदशी तिथि परेकाले काग तिहार आइतबार मनाइनेछ) सोमबार कुकुर तिहार र लक्ष्मीपूजा, (बिहान कुकुर तिहार र रातमा औँसी तिथि परेकाले साँझमा लक्ष्मीपूजा एकै दिन परेको हो ।) मङ्गलबार तिहारको कुनै पर्व परेको छैन । बुधबार गाईपूजा, गोवर्द्धन पूजा, म्ह पूजा (आत्मपूजा) तथा नेपाल संवत् ११४६ को नयाँ वर्ष प्रारम्भ, बिहीबार भाइटीका (किजापूजा) र भाइटीकाको साइत बिहान ११:३९ बजे रहेको छ ।

टीका लगाइमाग्ने दाजुभाइ पश्चिम र लगाइदिने दिदीबहिनी पूर्व फर्कनुपर्ने र साइतमा टीका लगाउन नभ्याउनेहरूका लागि दिनभरि टीका लगाउन सकिने समितिले जनाएको छ । तिहारमा मानव जीवनसँग गाँसिएका कुकुर, काग, गाई, गोरु आदिको पूजा गरिन्छ भने गोवर्धन पर्वतको पूजा पनि गरिने भएकाले पनि तिहार प्रकृतिसँग नजिक हुने पर्व भएको पण्डित टिकाप्रसाद खनाल बताउँछन् ।

तिहारको दोस्रो दिन समाचार र सूचनाबाहक कागको पूजा गरिन्छ । कागलाई मीठा मीठा खानेकुरा दिइन्छ । यो पर्व कार्तिक कृष्ण त्रयोदशीका दिन पर्दछ । कागको पूजा गरी काग तिहार मनाउने गरिएकालाई यस दिनलाई काग तिहार पनि भनिन्छ । यसको पूजा गर्नुका थुप्रै कारण छन् । कागलाई यमराजको सन्देश सुनाउने यमदूतका रूपमा पनि लिइन्छ । काग यमराजको अत्यन्त प्रियभक्त भएकाले पनि यस दिन कागको पूजा गरी काग तिहार मनाउने गरिएको धार्मिक विश्वास रहेको ज्योतिषी पण्डित एकराज वशिष्ठ बताउँछन् ।

कार्तिक कृष्ण चतुर्दशीका दिन कुकुर तिहार मनाइन्छ । कुकुर तिहार यमपञ्चकको दोस्रो दिन हो । यो दिनलाई नरक चतुर्दशी पनि भनिन्छ । कुकुरलाई यमदूतका रूपमा पनि लिइन्छ । कुकुर यमराजको अर्को प्रियभक्त हो । कुकुरलाई आज्ञापालक एवम् रक्षक जनावरको रुपमा लिइन्छ । विभिन्न अपराध गर्ने अपराधीहरू पत्ता लगाउने काममा तथा अध्ययन अनुसन्धान गर्ने कार्यमा पनि हिजोआज कुकुरको प्रयोग गरिन्छ । कुकुरले घरको रेखदेख तथा मानिसलाई सहयोग गर्दै आएको छ । त्यसैले कुकुर तिहारमा कुकुरलाई पूजा गरी मनाउने गरिएको छ ।

तिहारमा गाईको पूजा गरिन्छ । गाई नेपालको राष्ट्रिय जनावर हो । यति मात्र होइन, गाईलाई देवीका रुपमा पनि पुज्ने गरिन्छ । गाईलाई लक्ष्मीको प्रतीक मानिन्छ । गाईपूजा र लक्ष्मीपूजा एकैदिन मनाइन्छ । यसदिन साँझमा घर-घरमा दीपावली गरिन्छ भने बेलुका भैलो खेल्ने चलन छ ।

गाईको गहुँत र गोबर पनि हिन्दू धर्ममा पवित्र छ । यसर्थ पनि कुनै पनि धार्मिक वा सामाजिक संस्कार गर्नुअघि गाईको गोबरले घरआँगन लिपपोत गर्ने, गाईको गहुँत सबैतिर छर्केर आफ्ना घर, कोठाचोटा पवित्र तुल्याउने हिन्दूहरूको संस्कार छ । गाईलाई पशुधनका रूपमा लिइन्छ । हिन्दूहरू गाईलाई लक्ष्मी र गौमाताका रूपमा पनि मान्छन् । माता लक्ष्मीको विशेषरूपमा पूजाआजा तिहारको तेस्रो दिनको विशेषता हो ।

गोरु तिहार, हल तिहार वा गोवर्धन पूजाको रुपमा तिहारको चौथो दिन मनाइन्छ । पौराणिक कथन अनुसार गोवर्धन गोकुल शहरनजिकै रहेको एक पर्वत हो । कृष्ण भगवान् गोकुलमा गोपालहरूसँग बस्थे । गोपालहरू देवताका राजा इन्द्रको पूजा गर्ने गर्दथे तर इन्द्रबाट उनीहरूले केही पाउँदैनथे । कृष्णले एकदिन गोकुलवासीहरूलाई केही नदिने इन्द्रको पूजा गर्नुभन्दा खनिज, घाँस, पानी र दाउरा दिने गोवर्धन पर्वतको पूजा गर्नु राम्रो हो भन्ने कुरा राख्छन् र सबैजना त्यसै गर्न राजी पनि हुन्छन् । उनीहरु गोवर्धन पर्वतको पूजा पनि गर्छन् । त्यसै दिन नेपालीहरूले सालभरि अन्न उब्जाउन हलो तानी मानिसहरूको पालनहारी गोरूको पनि पूजा गर्दछन् । यस दिन बेलुका घरघरमा देउसी खेल्ने परम्परा छ ।

भाइतिहार अर्थात् भाइटीका तिहारको अन्तिम दिन मनाइन्छ । कार्तिक शुक्ल द्वितीया तिथिका दिन पर्ने यो पर्व विशेष उत्साहका साथ मनाउँदै दिदीबहिनी र दाजुभाइबीचको आत्मीयता साटासाट

❖ बाँकी तेस्रो पृष्ठमा

# झापा महिला गोल्डकप: नेपाली महिला फुटबलको नयाँ बिहानी

• शान्तिराम बस्नेत

हाम्रो पवित्र माटोमा इतिहास रचिने बेला आइपुगेको छ। नेपाली महिला फुटबलको सुनौलो अध्याय लेखिन लागेको यो पावन घडीमा हामी सबै साक्षी बन्न पाउँदा गौरवान्वित मात्र होइन, भाग्यशाली पनि छौं । यो केवल एउटा खेल प्रतियोगिता मात्र होइन, यो हाम्रा छोरीहरूको सपना, प्रतिभा र आत्मविश्वासको उत्सव हो। यो त्यो ऐतिहासिक क्षण हो जहाँ हरेक किक, हरेक गोल र हरेक जीतले नयाँ नेपालको कथा सुनाउनेछ।

यो महान् प्रतियोगिता सम्भव बनाउन आयोजक र प्रायोजकहरूको अथक प्रयास र दूरदर्शी सोचलाई सलाम गर्नुपर्छ । उहाँहरूले केवल प्रतियोगिता आयोजना गर्नुभएको होइन, एउटा आन्दोलनको थालनी गर्नुभएको छ । जब अरू ठाउँमा खेलकुदलाई व्यापारिक प्रदर्शन र मनोरञ्जनमा मात्र सीमित गरिन्छ, यहाँका आयोजकहरूले खेललाई सामाजिक परिवर्तनको शक्तिशाली माध्यम बनाएका छन् । उहाँहरूको यो पहल महिला सशक्तीकरणको जीवन्त उदाहरण हो । नगरपालिकाको उदार सहयोग र सकारात्मक सोचले यो प्रतियोगिता साकार रूप पाएको छ । स्थानीय निकायको यस्तो उत्कृष्ट संलग्नता र जिम्मेवारी नै वास्तविक विकासको पहिलो सिँढी हो, र यसले समुदायमा सकारात्मक परिवर्तनको लहर ल्याउने निश्चित छ।

यो प्रतियोगिताले हाम्रा युवतीहरूलाई खेलको मैदानमा मात्र होइन, जीवनका हरेक क्षेत्रमा अगाडि बढ्ने प्रेरणा दिनेछ। यसले समाजमा महिलाहरूको भूमिकालाई नयाँ उचाइमा पुऱ्याउनेछ। आज यहाँ जे देखिरहेको छ, त्यो केवल फुटबल होइन, यो आशा, साहस र सम्भावनाको उज्यालो भविष्य हो । यो त्यो माध्यम हो जसले हाम्रा छोरीहरूलाई आफ्नो सपना पूरा गर्न सक्छु भन्ने विश्वास दिलाउँछ।

चुरेको काखमा बसेको हाम्रो यो भूमिमा आफ्नो क्षमता प्रस्तुत गर्न आतुर चेलीहरू, जसले वर्षौंदेखि मैदानमा पसिना बगाएका छन्, अब आफ्नो सीप देखाउने मञ्च पाउँदैछन्। हाम्रै अस्तित्वका लागि लड्ने झापा महिला फुटबल क्लब त्यस्तै त्रिभुवन आर्मी क्लब, एपीएफ क्लब, नेपाल पुलिस क्लबदेखि सङ्कटा महिला फुटबल क्लब, चर्च ब्वाइज युनाइटेड महिला क्लब अनि पोखराको आर एस फुटबल क्लबसम्म, हरेक टोलीमा छन् ती योद्धाहरू जसले नेपाली महिला फुटबललाई नयाँ उचाइमा पुऱ्याउने सपना देखेका छन्।

त्यस्तै, पश्चिम सिक्किमको आँगनमा हुर्केको सिङ्लिङ क्लबका खेलाडीहरू जब यहाँको माटोमा आउँछन्, उनीहरूसँगै सिक्किमको विकासको कथा पनि आउनेछ । यो केवल खेल होइन, यो भावनात्मक पुनर्मिलन हो, यो साझा विरासतको उत्सव हो र यो सिक्ने र सिकाउने पलहरूको संगम हो।

तर यो अवसरमा हामीले एउटा महत्वपूर्ण कुरा बिर्सनु हुँदैन। हाम्रा नेताहरूको खोक्रो भाषण, आडम्बरपूर्ण ढोङ र शब्दजालमा मात्र सीमित रहने विकासका कुराले अब जनतालाई छक्क पार्न सक्दैन । वर्षौंदेखि एउटै भाषण, एउटै वाचा र एउटै असफलताको कथा सुनेर हामी वाक्क छौं, दिक्क छौं । विकासको नाममा भएका रित्तो प्रतिज्ञाहरूले जनताको विश्वास तोडिसकेको छ।

यस्तै बेला, हाम्रा सिक्किमेली दिदीभाइहरूको विकासको गाथा हामीले आँखा खोलेर हेर्नुपर्छ । एउटै भाषा, एउटै संस्कृति, एउटै रगतको धड्कन बोकेका हामीहरू, तर विकासको यात्रामा कति फरक छौं। सिक्किमले विकासको दूरदर्शिता देखाएको छ, त्यहाँका नेताहरूले शब्द होइन, काम देखाएका छन्। सडक, स्वास्थ्य, शिक्षा, पर्यटन, खेलकुद हरेक क्षेत्रमा सिक्किमले फडको मारेको छ।

यो प्रतियोगितामा सिक्किमका पाहुनालाई आमन्त्रित गर्नु केवल औपचारिकता होइन, यो हाम्रो सिक्ने इच्छाको प्रतीक हुनुपर्छ। उनीहरूको भाषण सुन्दा हामीलाई थाहा हुनेछ कि विकास कसरी गरिन्छ, जनताप्रति जवाफदेहिता कस्तो हुन्छ र दीर्घकालीन दृष्टिकोण कसरी बनाइन्छ । हाम्रा नेताहरूले पनि सिक्नुपर्छ कि भाषणको मिठास होइन, कामको मिठासले जनताको मन जित्छ।

अब टिकटको कुरा गर्नुपऱ्यो । यो महिला फुटबल प्रतियोगिता सबैको लागि हुनुपर्छ, केवल सम्पन्नहरूको मनोरञ्जन होइन । गरिब किसानको छोरीले पनि हेर्न पाउने, मजदुरको छोराले पनि आफ्ना दिदीबहिनीलाई खेलेको देख्न पाउने, विद्यार्थीले पनि आफ्नो खल्ती खर्चबाट टिकट किन्न सक्ने, त्यस्तो मूल्य निर्धारण हुनुपर्छ । खेल जनताको हो, जनताका लागि हो । यदि टिकटको मूल्यले साधारण नेपालीलाई मैदानबाट टाढा राख्यो भने, यो प्रतियोगिताको उद्देश्य नै असफल हुन्छ।

महमाई र कनकाई माईको आशीर्वाद, सताक्षी माताको कृपा, चिल्लागढ र दोमुखाको पवित्रता, माईधारको किरात खिजोलिङ माङहिमको ऊर्जा, झिलझिलेको ऐतिहासिक बौद्ध गुम्बाको शान्ति, हाम्रा पुरातन चर्चहरूको आध्यात्मिकता र डेढ शताब्दी पुरानो शिवगञ्जको दुर्गा मन्दिरको शक्ति - यी सबैको संगम यो प्रतियोगितामा हुनेछ । हाम्रो सांस्कृतिक धनी सम्पदा र खेलकुदको उत्कृष्टता एकसाथ प्रस्तुत हुने यो दुर्लभ अवसर हो।

तर यो प्रतियोगिताको सबैभन्दा महत्वपूर्ण पक्ष के हो भने, यसले स्वच्छ खेलको संदेश दिइरहेको छ । जब अन्य ठाउँमा रक्सी, बियर, चुरोट, गुटखा र खैनी जस्ता विषालु पदार्थहरूको विज्ञापनले खेल मैदानलाई घेरेको हुन्छ, हाम्रो यो प्रतियोगिताले त्यस्ता विकृतिहरूलाई अस्वीकार गरेको छन। यो हाम्रो नैतिक विजय हो, यो हाम्रो सामाजिक प्रतिबद्धता हो।

लागूपदार्थले हाम्रो समाजमा के गरेको छ? कति घर भत्किएका छन्, कति सपना चकनाचुर भएका छन्, कति आमाको आँखा सुकेका छन्। हाम्रा युवाहरू जब लागूपदार्थको दलदलमा डुब्छन्, त्यो केवल एक व्यक्तिको पतन होइन, सम्पूर्ण समाजको क्षति हो। यो प्रतियोगिताले ती विकृतिहरू विरुद्ध बलियो सन्देश दिइरहेको छ - हाम्रा छोरीहरू स्वस्थ शरीर, स्वच्छ मन र दृढ संकल्पले सफलताको शिखरमा पुग्न सक्छन्।

बालश्रमको विरुद्ध पनि यो प्रतियोगिताले आवाज उठाइरहेको छ । जब हाम्रा बालबालिकाहरू होटल, भट्टीमा काम गरिरहेका हुन्छन्, जब उनीहरूको बाल्यकाल लुटिइरहेको हुन्छ, तब यस्ता खेलकुद कार्यक्रमहरूले उनीहरूलाई शिक्षा र खेलकुदको महत्व सम्झाउँछन्। प्रत्येक बालबालिकालाई खेल्ने, पढ्ने र सपना देख्ने अधिकार छ।

विजेताले नगद दश लाख र उपविजेताले पाँच लाख रुपैयाँ पाउने यो प्रतियोगिता नेपाली महिला फुटबलको इतिहासमै सर्वाधिक पुरस्कार राशि भएको प्रतिस्पर्धा हो । सर्वोत्कृष्ट खेलाडीलाई एक लाख पचास हजार रुपैयाँको सम्मान। यो रकम होइन, यो हाम्रा छोरीहरूको प्रतिभाको मूल्यांकन हो, उनीहरूको मेहनतको सम्मान हो।

सिक्किमबाट आउने हाम्रा पाहुनाहरूलाई हार्दिक स्वागत गर्न हामी तयार छौं । फस्ट जनवरीको पिकनिक मात्र होइन, यो प्रतियोगिताले नियमित पर्यटकीय आदानप्रदानको सुरुवात गर्नेछ । हाम्रो संस्कृति, हाम्रो आतिथ्य र हाम्रो खेल प्रेमले सबैलाई मुग्ध पार्नेछ। सिक्किमका पर्यटकहरू जब हाम्रो यहाँ आउँछन्, उनीहरूले केवल खेल मात्र होइन, हाम्रो धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदा पनि अनुभव गर्नेछन्।

अब समय आइपुगेको छ कि हामी सबै मिलेर यो ऐतिहासिक प्रतियोगितालाई सफल बनाउनुपर्छ । आयोजकदेखि दर्शकसम्म, प्रत्येक व्यक्तिको जिम्मेवारी छ । हाम्रो सहयोग, हाम्रो उत्साह र हाम्रो सकारात्मक उपस्थितिले यो प्रतियोगितालाई अविस्मरणीय बनाउनेछ।

यस ऐतिहासिक यात्रामा संलग्न सबैलाई हार्दिक धन्यवाद र शुभकामना । तपाईंहरूको योगदान कहिल्यै बिर्सिने छैन । यो प्रतियोगिताबाट सिर्जना हुने हरेक पल, हरेक स्मृति नेपाली खेलकुदको इतिहासमा स्वर्णाक्षरले लेखिनेछ । यो प्रतियोगिता केवल नेपाली महिला फुटबलको इतिहासमा मात्र होइन, हाम्रो सामाजिक चेतनाको इतिहासमा पनि अर्को सुनौलो अक्षरले कोरिनेछ।
स्वच्छ खेल, स्वस्थ समाज र सशक्त महिलाहरूको यो उत्सवमा हामी सबै सहभागी बनौं । हाम्रा छोरीहरूलाई प्रोत्साहन दिऔं, उनीहरूको हौसला बढाऔं र नेपाली महिला फुटबललाई नयाँ उचाइमा पुऱ्याउने यो ऐतिहासिक यात्रामा साथ दिऔं । खेल मैदानमा भेटौं, इतिहास रचौं र नेपाली महिला फुटबललाई गौरवको शिखरमा पुऱ्याऔं।

# पेट्रोलियम पाइपलाइनबाट साढे छ अर्ब लिटर इन्धन आयात

झापा(प्रस) । नेपाल-भारत अन्तरदेशीय पेट्रोलियम पाइपलाइन परियोजना सञ्चालनमा आएको छ वर्ष पूरा भएको छ । भारतको मोतिहारीदेखि नेपालको अमलेखगञ्जसम्म रहेको पाइपलाइन सञ्चालन भएयता छ अर्ब ३४ करोड ९२ लाख लिटर पेट्रोलियम पदार्थ पाइपलाइनबाट आयात भएको नेपाल आयल निगमको मधेस प्रादेशिक कार्यालय अमलेखगञ्जले जनाएको छ।
पाइपलाइनबाट हालसम्म छ अर्ब १४ करोड ३५ लाख लिटर डिजेल, २० करोड १५ लाख लिटर पेट्रोल र ४१ लाख लिटर मट्टितेल आयात भएको प्रादेशिक प्रमुख प्रलयङ्कर आचार्यले जानकारी दिए। अहिले मोतिहारीबाट पाइपलाइनमार्फत अमलेखगञ्जसम्म पेट्रोल, डिजेल र मट्टितेल आयात भइरहेको छ। विसं २०७६ भदौ २४ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय समकक्षी नरेन्द्र मोदीले सो परियोजनाको संयुक्त रूपमा उद्घाटन गरेका थिए।
सोही दिनदेखि नै पाइपलाइनबाट डिजेल आयात भइरहेको छ। यस्तै २०८१ असोज



२४ देखि पेट्रोल र २०८१ मङ्सिर १९ गतेदेखि मट्टितेल पाइपलाइनबाट ल्याउन थालिएको हो । दक्षिण एसियाकै पहिलो अन्तरदेशीय पाइपलाइन परियोजनाको कूल लम्बाइ ६९ दशमलव दुई किलोमिटर छ। यसमध्ये भारततर्फ ३३ किलोमिटर र नेपालतर्फ ३६ दशमलव दुई किलोमिटर छ।
पेट्रोल, डिजेल र मट्टितेल आयात गर्न सकिने गरी 'मल्टी प्रोडक्ट पाइपलाइन' निर्माण गरिएको छ । पाइपलाइनबाट आयातित पेट्रोलियम पदार्थले नेपालको करिब ७० प्रतिशत माग पूर्ति हुँदै आएको छ । अमलेखगञ्जबाट काठमाडौँ, विराटनगर, भैरहवा, थानकोट, पोखरा, वीरगञ्ज, जनकपुरस्थिति डिपोमा इन्धन आपूर्ति हुँदै आएको छ । अमलेखगञ्जबाट स्थानीयस्तरका पम्पका लागि पनि पेट्रोलिमय पदार्थ बिक्रीवितरण हुँदै आएको छ।

"नेपालको खपतको ७० प्रतिशत पेट्रोलियम पदार्थ अमलेखगञ्जबाटै आपूर्ति हुन्छ", प्रमुख आचार्यले भने। पाइपलाइनबाट दैनिक छ हजार किलोलिटर पेट्रोलियम पदार्थ अमलेखगञ्ज ल्याउन सकिन्छ । तर पेट्रोलियम पदार्थको माग नबढेकाले पूर्ण क्षमतामा पाइपलाइन सञ्चालन हुने अवस्था बनेको छैन । "दैनिक छ हजार किलोलिटर पेट्रोलियम पदार्थ आयात गर्नुपर्ने अवस्थामा निगम पुगेको छैन", प्रमुख आचार्यले भने।
पेट्रोलियम पाइपलाइन परियोजनाको पहिलो चरणअन्तर्गत भारतको मोतिहारीदेखि नेपालको अमलेखगञ्जसम्म पाइपलाई बिच्छयाइएको थियो । दोस्रो चरणमा अमलेखगञ्जमा पेट्रोलियम भण्डारण क्षमता अभिवृद्धिसँगै 'अटोमेसन'को काम सम्पन्न गरिएको हो । पाइपलाइन परियोजनाको दोस्रो चरणअन्तर्गत डिपोमा पेट्रोल, डिजेल र मट्टितेल भण्डारणका लागि चार वटा नयाँ 'भर्टिकल ट्याङ्क' निर्माण गरिएको छ । पाइपलाइनबाट ल्याइएका पेट्रोलियम पदार्थको शुद्धता कायम राख्न दुई वटा ट्रान्समिक्स ट्याङ्क, अग्नि नियन्त्रण प्रणालीको व्यवस्था गरिएको छ।

अमलेखगञ्जमा भण्डारण क्षमता विस्तार गरी १७ हजार ५०० किलोलिटर पेट्रोल, २७ हजार ५०० किलोलिटर डिजेल र दुई हजार २०० किलोलिटर मट्टितेल राख्न सकिने बनाइएको छ। अमलेगञ्ज डिपो नेपालको सबैभन्दा ठूलो र अत्याधुनिक रहेको छ । पूराना र नयाँ गरी अमलेखगन्जमा ९४ हजार किलोलिटर पेट्रोलियम पदार्थ भण्डारण गर्न सकिने भएको छ।

# दुर्गा पञ्चायन मन्दिरको अध्यक्षमा नेपाल

भद्रपुर(प्रस)। भद्रपुर १० स्थित दुर्गा पञ्चायन मन्दिर व्यवस्थापन समितिको अध्यक्षमा शालिग्राम नेपाल निर्विरोध चयन भएका छन् । मन्दिर व्यवस्थापन समितिको १४ वार्षिक साधारण सभाले नेपालको नेतृत्वमा ११ सदस्यीय समिति निर्विरोध चयन गरेको हो। समितिको बरिष्ठ उपाध्यक्षमा शकुन्तला पोखरेल, उपाध्यक्ष देवीमाया प्रधान, सचिव काशीनाथ घिमिरे, सहसचिव नयाँनाथ पाण्डे र कोषाध्यक्षमा किशोर पौडेल निर्विरोध चयन भएका हुन्। सतितिको सदस्यहरूमा खड्गबहादुर बुढाथोकी, हरिप्रसाद रिमाल, डिल्लीराम आचार्य, पुष्पा घिमिरे र हुमा (ममता) न्यौपाने निर्विरोध चयन भएका छन्।

त्यसैगरी लेखा समिति संयोजकमा मदन खतिवडा तथा सदस्यहरूमा तारा अधिकारी र रेखा अधिकारी चयन भएका छन्।


## श्री भूमिसुधार तथा मालपोत कार्यालय
भद्रपुर, झापा

## छुट जग्गा दर्ता सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

झापा जिल्ला मेचीनगर न.पा. वडा नं. ७ बस्ने श्री देवी प्रसाद उप्रेतीले साविक नकलबन्दा-३ग कि.नं. ४५ ज.वि. ३-५-० र ऐ.ऐ. कि.नं. ३१ ज.वि. ०-७-१० जग्गा २०२१ सालको सर्वे नापीमा छुट भएको भनी उक्त जग्गा मेरा नाउँमा दर्ता गरी पाउँ भनी निवेदन पर्न आएकोमा फिल्डबुकको ज.ध. महल खाली भएको, मोही महलमा देवीप्रसाद उप्रेती उल्लेख भएको, मेचीनगर नगरपालिका वडा नं. ७ को च.नं. ४८९६ मिति २०८२/०३/१८ को पत्रले निजले जोतभोग तथा भोगचलन गरिरहेको व्यहोराको सिफारिस भई आएको हुँदा यस जग्गामा अरु कसैको हकदावीको प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापामा आपनो प्रमाण सहितको कागजात लिई आफै वा वारेश मार्फत हकदाबीको उजुरी गर्नु होला अन्यथा कानून बमोजिम कार्बाही भई जाने व्यहोरा सबैको जानकारीको लागी सूचित गरिन्छ ।


# मलेसियामा पदक जित्ने तेक्वान्दो खेलाडी सम्मानित

झापा(प्रस)।मलेसियामा भएको आठौं जेविन मलेसिया ओपन तेक्वान्दो प्रतियोगिता पदक जितेका नेपाली खेलाडी तथा अफिसियललाई सम्मान गरिएको छ।

काठमाडौंको डाँछीमा रहेको नेप्लिज तेक्वान्दो एकेडेमीले खेलाडी तथा अफिसियललाई शनिबार सम्मान गरेको हो। एकेडेमीको तर्फबाट शंकरापुर अस्पतालका मेडिकल डाइरेक्टर डा. रमेश ढकालले खेलाडी तथा अफिसियललाई सम्मान प्रदान गरे।



सम्मानित हुने खेलाडीमा स्वर्ण विजेता केनिश खड्का, गोविन्द योन्जन तामाङ र आयुश बोहरा, रजत विजेता सन्दीप बस्नेत रहेका छन्। टोलीका प्रशिक्षक श्रीकृष्ण खड्का, म्यानेजर गणेशबहादुर खड्का र टोली प्रमुख महेन्द्रराज घिमिरेलाई पनि सम्मान गरियो। नेपाली खेलाडी तथा अफिसियललाई प्रोत्साहनस्वरूप सम्मान गरिएको नेप्लिज तेक्वान्दो एकेडेमीका अध्यक्ष तथा प्रमुख प्रशिक्षक अशोक खड्काले बताए। मलेसियामा भएको उक्त प्रतियोगितामा अशोक पनि निर्णायकको रूपमा सहभागी थिए। उनी प्रतियोगिताको उत्कृष्ट निर्णायक घोषित भएका थिए।

# पाथीभरामा ३४ लाख भेटी संकलन

झापा(प्रस)। ताप्लेजुङस्थित प्रसिद्ध तीर्थस्थल पाथीभरामा असोज महिनामा करिव ३४ लाख रुपियाँ भेटी रकम सङ्कलन भएको छ। एक महिनाको अवधि अर्थात असोजमा उक्त भेटी रकम सङ्कलन भएको हो।

पाथीभरा क्षेत्र विकास समितिले सार्वजनिक गरेको विवरण अनुसार असोज महिनामा कुल ३३ लाख ८२ हजार रुपियाँ भेटी रकम सङ्कलन



भएको छ। समितिले सङ्कलन गरेको उक्त रकम पाथीभरा दर्शनमा आएका भक्तजनले दान गरेको र भेटीबापत चढाएका रकम हो। भेटी विवरण समितिले साँझ सार्वजनिक गरेको हो। समितिले सार्वजनिक गरेको असोज महिनाको भेटी रकम भदौकोभन्दा तेब्बर बढी रहेको छ । समितिका अनुसार गत भदौ महिनामा नौ लाख ९७ हजार रुपियाँ मात्र भेटी सङ्कलन भएको थियो। समितिका अध्यक्ष रक्कीले दसैं तिहारको समय पाथीभरा दर्शन गर्ने मुख्य सिजन (मौसम) भएकाले असोजमा भक्तजनको आगमन बढेको र सोहीअनुसार भेटी रकम पनि बढेको बताए।

यता असोज महिनामा २९ हजार १७४ जना भक्तजनले पाथीभराको दर्शन गरेका छन्। समितिका कार्यकारी निर्देशक प्रजिन हाङ्बाङका अनुसार भदौ महिनामा चार हजार ५०३ जना भक्तजनले मात्र पाथीभरा दर्शन गरेका थिए । अहिले पाथीभरा दर्शन गर्ने मुख्य मौसम भएकाले बाक्लै संख्यामा भक्तजनको आउजाउ भइरहेको कार्यकारी निर्देशक हाङ्बाङले जानकारी दिए।

पाथीभरा दर्शनमा नेपालका विभिन्न जिल्ला र छिमेकी देश भारतको सिक्किम, दार्जिलिङ, पश्चिम बङ्गाल लगायतका ठाउँबाट भक्तजन आइरहेको समितिले जनाएको छ।




कपुरी मोटोकर्प प्रा.लि.
बिर्तामोड,झापा सम्पर्क: ०२३५३०४५२,९८०२६००५१९,९८०२६००५३१


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

## आमा, तिमी देवी हौ



• सन्तोष बोहरा

आमा,
तिमीलाई भुलेको होइन म।
तिमी मेरा लागि केवल आमा मात्र हैनौ,
तिमी पृथ्वी हौ,
तिमी आकाश हौ,
तिमी उज्यालो दिने सूर्य हौ,
शीतलता दिने चन्द्रमा हौ।
तिमी शिवकी अर्धाङ्गिनी पार्वतीजस्तै
त्याग र तपस्याको मूर्त रूप हौ।
तिमी लक्ष्मीसरह समृद्धिको प्रतीक हौ,

तर आफ्नै जीवनमा समृद्धि खोजेनौ,
छोराका लागि मात्र चाह्यौ।
तिमी सरस्वतीसरह ज्ञानकी नदी हौ,
तर आफ्नै अक्षरलाई
मेरो उज्यालो बनाउन चढाइदियौ।
समाजले तिमीलाई कहिले बुझेन,
तर म बुझ्छु आमा–
तिमी देवी हौ,
जसको पूजा गर्ने मन्दिर
मेरो मुटु भित्रै बनेको छ।
बुबाले भन्नुभएको थियो–
'सन्तान, जीवनको बाटोमा
सिद्धान्त र श्रम गुमाउनु हुँदैन।'
आज म त्यही बाटोमा हिँड्दै छु।
तर आमा,
थाहा छ तिमीलाई,
हाम्रो समाजले हामीलाई
पर्खेँटा दिएन।
हाम्रो देशले
हामीलाई आफ्नै माटोमा बस्ने अधिकार दिएन।
त्यसैले त,
छोराहरू आकाश चुम्न परदेश लागे,
आमाहरू पर्खाइमा धुलो खाँदै बसे।
आमा,
चाडपर्व आयो कि
तिमी घरको ढोका हेरिरहन्छौ।
छिमेकी आमाहरू छोराछोरीसँग हाँस्छन्,
तर तिमी सुनसान कोठामा
मेरो नाम जपिरहन्छौ।
तपाईँका हातका चुरा सुनसान हुन्छन्,
तपाईँको निधारमा सिन्दुर नाच्दैन।
तर आमा,
म भन्छु–
तिमी रोएनौ भने मात्र
छोराले परदेशमा आँसु थाम्न सक्छ।
मलाई थाहा छ–
तिमीले भोकै बस्नुहुन्छ,
तर छोरालाई फोनमा भन्नुहुन्छ,
"सबै राम्रै छ, पिर नगर्नू।"
तर आमा,
मेरो मुटु काटिन्छ त्यो सुन्दा।
मेरो निधार चिरिन्छ
तपाईँको पीडा सम्झँदा।
तिमी देवी हौ आमा,
तर तिमीलाई त दुःखले पूजा गर्‍यो।
म फेरि प्रतिज्ञा गर्छु–
म फर्किन्छु।
मेरो पसिना, मेरो परिश्रम
गंगाजस्तै पवित्र हुन्छ।
मेरो संघर्ष
एक दिन तपाईँको आँचलमा फूलझैँ खस्छ।
म फर्किन्छु,
मेरो पहिचानसहित,
मेरो विजयसहित।

त्यो दिन
तिमीलाई केवल आमा भनेर हैन,
"देवी" भनेर पुकार्नेछु।
तपाईँको काँधमा हात राखेर भन्छु–
"यो संसारमा म जे भएँ,
तपाईँकै कारण भएँ।
माया, त्याग, तपस्या र आँसु–
यी चारवटा मन्त्र हुन्,
जसले मलाई जीवन दिन्छन्।"

आमा,
तिमी देवी हौ।
तिमीलाई पूजा गर्ने
सन्तान म आफैं हुँ।
मेरो जीवन तिम्रो चरणमा चढेको प्रसाद हो।
मेरो सास तिम्रो आशीर्वादको दीप हो।
मेरो यात्रा तिम्रो मायाको आकाश हो।

आमा,
तिमी पर्खिरहनुहोस्–
छोरो फर्किन्छ।
तिमीलाई गर्व बनाउने,
तिमीलाई इतिहासको देवी बनाउने,
तिमीलाई समाजको आँखामा
शक्ति, श्रद्धा र विजयको प्रतिमा बनाउने।

## पूर्व प्रेमिकाको श्रीमान् असल साथी !



• विदुर दाहाल

टिक्न र बिक्नका लागि संघर्ष धेरै गरेँ मैले। ज्यामी कामदेखि शिक्षकसम्म। पढाउने काम बिहान ९ बजे नै सकिन्थ्यो। क्याम्पसहरूमा सिफ्ट हुन्छ। दिउँसो खाली थिएँ म। २०५७ सालतिर साथीहरूले एउटा स्कुल खोलौँ भन्ने प्रस्ताव गरे। त्यसले मूर्त रूप पायो। मध्य बानेश्वरमा कक्षा १० सम्म सामान्य ढङ्गले चलेको निजी स्कुल पाइयो। किन्यौँ।

किनेपछि प्रिन्सिपल को हुने? कसरी चलाउने सल्लाह भयो। कतिपय शेयर सदस्य एकले अर्कोलाई प्रत्यक्ष नचिनेका थिए। आधा जसो शेयर सदस्य कुनै न कुनै रूपमा स्कुलमा इन्गेज भए। कोही पूर्णकालीन शिक्षक, कोही पार्ट टाइम शिक्षक भए। आधा जसो निष्क्रिय लगानीकर्ता भए। शिक्षण गरेको अनुभव थियो मसँग। प्रिन्सिपल बन्नुपर्छ भनेर कर गरे सबैले। नाइँ भनिनँ।

मध्यम वर्गका विद्यार्थी पढ्न आउने निजी स्कुलमा छुट चाहिन्छ भन्ने धेरै हुन्थे। विद्यार्थी अभाव भएको ठाउँमा जस्ता विद्यार्थी पनि भर्ना गरिन्थ्यो। घरभाडा, शिक्षक तलब आदि पुऱ्याउन धौधौ हुन्थ्यो। जेनतेन स्कुल चल्यो। निष्क्रिय शेयर सदस्यलाई नाफा दिन सकिएन। कहिलेकाहीँ स्कुल चलाउन नसकेको आरोप पनि आउँथे मलाई।

एकाउन्टको काम पनि आफैले गर्नु पर्ने हुँदा अलि झन्झट थियो। शेयर सदस्यसँग सल्लाह गरेर एकाउन्टेन्ट राख्नु पर्ने कुरामा कन्भिन्स गराएँ। एकाउन्टेन्ट चाहियो भनेर पत्रिकामा विज्ञापन गरेँ। एक हप्ताको म्याद राखेर गरेको विज्ञापनमा २० वटा आवेदन परे। अन्तर्वार्ताका लागि बोलाएँ सबैलाई।

भएका मध्येबाट एक जना राम्रो छान्नु पर्ने थियो। आफैले अन्तर्वार्ता लिएँ। छनौट भएका उम्मेदवारलाई फोन आउँछ भनी पठाएँ। कुन छनौट गर्ने? केटा वा केटी दोधार भयो मलाई। केटाभन्दा केटी नै ठिक होला जस्तो लाग्यो। सरिनालाई एकाउन्टेन्ट छनौट भएकोले विद्यालयमा सम्पर्क राख्न फोन गरेँ मैले। भोलिपल्ट स्कुल आई ऊ।

विद्यालयमा विद्यार्थी भर्नाको समय थियो। नयाँ वर्ष वैशाखदेखि नै तलब खाने गरी उसलाई एकाउन्टेन्ट काम गर्न लगाएँ। निजी स्कुलमा नियुक्ति दिने चलन हुँदैन। उसको तलब तोकिदिएँ- रु. ९०००। त्यो बेलाको हिसाबमा ठिकै तलब हो त्यो।

स्कुलमा बिहान-बेलुका र कहिलेकाहीँ बिदाका दिनमा पनि काम गर्नु पर्थ्यो। उसलाई बोलाउँथेँ। आउँथी ऊ। लामो समय सँगै हुने, खाजा सँगै खाने हुँदा आत्मीयता बढ्यो। ५/७ महिनासम्म आफ्नो बारे खुलेर बताइनँ मैले। तर बताउनै पर्छ जस्तो लाग्यो! विवाहित र छोरा भएको बताएँ। त्यो सुनेर अँध्यारो मुख लगाई।

'कति छिटै विवाह गर्नु परेको नि!' भनी उसले। हाँसेँ म।

यस्तै यस्तै चल्दै थियो। एक दिन अचानक फिल्म हेर्न जाने प्रस्ताव राखी उसले। हडबडाएँ म। 'नाइँ, अर्को कुनै दिन जाउँला' भनेर टारेँ। 'हैन, जाऊँ न जाऊँ' भनेर कर गरी। 'कस्तो एक दिन पनि श्रीमतीलाई छोड्न नसक्ने हो क्या!' व्यङ्ग्य गरी उसले। साह्रै दोधारमा परेँ म। के गरौँ भयो। अन्तमा हुन्छ भनेँ।

श्रीमतीलाई स्कुलमा काम भएको भनेर ढाँटिदिएँ। अलि छिटै विवाह भएर मात्र हो, २७/२८ वर्षे जवान, आफू पनि राम्रै छु जस्तो लाग्थ्यो। फिल्म सकेपछि ऊ आफ्नो घर लागी। म आफ्नो घर फर्किएँ।

असोज महिना थियो। दसैँ नजिकिँदै गर्दा शिक्षकहरूलाई तलब खुवाउनु पर्ने थियो। 'आम्दानी के छ?' भनेर सोधेँ। 'जेनतेन पुग्छ तर घरभाडा तिर्न पुग्दैन' भनी उसले। खाजा मगायौँ। खाजा खाँदै गर्दा शनिवार घुम्न जाने प्रस्ताव राखी उसले।

सम्झाएँ उसलाई- 'म विवाहित हुँ नि।'

'के फरक पर्छ त?' प्रश्न मलाई नै तेर्स्याई र भनी, 'घरमा झगडा चाहिँ नगर्नु नि मेरो कारणले, ब्यालेन्स गर्नू।'

अब चाहिँ म फसादमा परेँ। उसलाई जागिरबाट निकाली दिऊँ जस्तो लाग्यो। फेरि अर्को मनले मानेन। होस् भने!

उसले मलाई अनेक ल्याङ गर्छे। कहिले कुर्ता किन्न पैसा छैन भन्छे! कहिले के भन्छे! झन् झन् नजिकिन खोज्छे। घरबाट खानेकुरा ल्याएर खुवाउँथी। मन त हो, पग्लियो। मन पर्न थाल्यो मलाई नि। कोठा खोजेर बस्छु, कहिलेकाहीँ आउनु भन्न थाली। मनमा झस्का पसेको पस्यै भयो।

अन्तरमनले यस्तो हुँदैन। गलत काम नगर्नू भनिरह्यो मनले। तर गर्दै जाँदा उसको अगाडि नतमस्तक भएँ। के गर्ने? द्विविधाग्रस्त भएँ। श्रीमतीलाई कुनै कुरा थाहा छैन। ऊ आफ्नै काममा व्यस्त छ। मलाई शङ्का गर्दिन।

समय यस्तो आयो कि माओवादीले निजी स्कुल बन्द गराउने भनेर अभियान नै चलाए। अनेक बहानामा सहयोग/चन्दा माग्न आउन थाले। बल्लतल्ल चलेको स्कुल चन्दा दिन सकिने हैसियत थिएन। तर पनि केही न केही दिनै पर्थ्यो। मध्य सहरमा नयाँ विद्यार्थी पाउन मुस्किल हुन्थ्यो। नयाँ बस्तीमा घरहरू बन्दा रहेछन्। विद्यार्थीहरू गाउँबाट आउँदा रहेछन्। अलि सजिलो रहेछ। मध्य बानेश्वरमा स्कुल चलाउन नसक्ने अवस्था आयो। स्कुल बेच्ने वा बन्द गर्ने? छनौट गर्नुपर्ने अवस्था सिर्जना भयो। सरिनासँग छुट्टिन पाइने भो भन्ने कुरा मनको अन्तरकुन्तरमा आयो। एक मन खुसी भएँ।

निजी स्कुल बन्द गर्नुपर्छ! 'विद्यार्थीलाई फी तिर्नु पर्दैन' भन्दै कक्षा कक्षामा जान लागे क्रान्तिकारीका नेता। स्कुल चलाउन सकिएन। शेयर सदस्यको बैठकले 'मिल्यो भने स्कुल बेच्ने' सहमति भयो। स्कुल घाटामा थियो। थप लगानी गर्न कसैले चाहेनन्। तर स्कुल बेच्न सकिएन। बन्द भयो। विद्यार्थी नभएको 'झोले स्कुल' भयो। ३/४ वर्षपछि झोले स्कुल बिक्यो। सावाँ चाहिँ उठ्यो।

साँच्चिकै ऊ अलग्गै कोठा खोजेर बसी। मलाई खाना खान बोलाउँथी। कहिले के बहाना गर्थी, कहिले के बहाना गर्थी। टाढिन चाहन्थेँ म। 'लाछी' र 'डर छेरुवा' भन्थी मलाई। कस्तो दोधारमा परेको क्या! ऊ चाहन्थी, म टाढिन खोज्थेँ। छोराको अनुहार झलझली सम्झन्थेँ। श्रीमतीलाई सम्झन्थेँ।

महिनौँ दिन उसले मलाई घुर्क्याई! 'पुलिसमा निवेदन दिन्छु' समेत भनी। बहुविवाह गर्दै गर्दिनँ भनेँ उसलाई।

स्कुल चालु हुँदै क्याम्पस पढ्दाको साथी रमेश स्कुलमा आइपुग्यो एक दिन। कापी उद्योग खोलेको रहेछ। कापी बेच्न आइपुग्यो। कता कताबाट पुरानो साथी भेटेँक मैले। अचम्मै भयो। सरिनालाई देख्यो उसले। रमेशलाई देख्नासाथ सरिना उठेर बाहिर गई। आफ्नो गाउँकी बहिनी भएको बतायो। 'फस्लास् नि मोरा' सम्झायो मलाई। खास ऊ डिभोर्सी रहिछ।

रमेश गएपछि भित्र आई। नचिनेझैँ उसको उद्योग के कसो भनेर मन चोर्न खोजी मेरो। अनभिज्ञता जस्तै दर्साएँ। उज्यालो मुख लगाई। स्कुल बन्द भएपछि अनेक प्रयास गरी सम्बन्ध लम्ब्याउन। वास्तै गरिनँ मैले। साँच्चिकै रिसाई मसँग। सम्बन्ध टुट्यो। उसको कोठा देखेको थिएँ तर गइनँ म।

यता छोरोले कक्षा १२ पास गऱ्यो। विदेश जाने चक्करमा लाग्यो। सबै कुरा मिलायो। विदेश गयो। पढाइसँगै काम पनि पायो उसले। राम्रै सेटल भयो। कन्भोकेसनमा 'बाबा-ममी आउनुपर्छ' भन्न थाल्यो। तर म मात्र गएँ। टिकटसिकट सबै उसले काट्यो। मिलायो।

छोराको कन्भोकेसनमा अमेरिका जाने भएँ म! कहिल्यै विदेश नगएको मान्छे कसरी जाने होला? ट्रान्जिटमा कसरी समय बिताउने होला? अलमलिने हो कि? अनेक शङ्का र डर लिँदै एयरपोर्ट भित्र परेँ!

दुबई ट्रान्जिट हुने प्लेन थियो त्यो। ६ घण्टाको ट्रान्जिट छ। त्यसपछि बल्ल अमेरिकाको प्लेन चढ्नु पर्छ। यस्तै यस्तै कुरा खेलाउँदै सिटमा बसेँ। सिटमा को आउने होला सोच्दै थिएँ! नेपाली नै रहेछ। हर्षित भएँ। खुसीले गद्गद भएँ। विदेशी पऱ्यो भने के होला? कसरी समय बिताउने होला? भनेर बेस्सरी डराएको थिएँ। नभन्दै खोजेजस्तै पाएँ। आफ्नो परिचय दिएँ र उसको पनि मागेँ।

उमेश, अमेरिका नै जाने रहेछ। दुई वर्ष अगाडि डिभी परेर अमेरिका गएको रहेछ भने झैँ भयो मलाई। मजाले गफिँदै गएँ। ट्रान्जिटमा पनि सजिलो भयो। अमेरिकाबाट नेपाल आई आमाबाबालाई भेटेर पुनः अमेरिका फर्केको रहेछ ऊ। सबै कुरा सजिलो भयो।

नेपालको सामाजिक-आर्थिक र समसामयिक राजनीतिबारे चर्चा भयो। थोरबहुत चासोको विषय थिए ती। जाँगर चल्दा कलम चलाउँथेँ म। राजनीति र नेताप्रति निराशा रहेछ ऊ। गफका सन्दर्भहरू मिले। कुराकानीकै क्रममा एक रात आफ्नो घर (टेक्सासमा) बस्न अनुरोध गऱ्यो उसले। यात्रा उसले साह्रै सजिलो बनाइदियो। नत्र अलमलिन्थेँ होला! आत्तिन्थे होला!

छोरोलाई 'एक रात उमेशकोमा बस्छु, त्यही लिन आउनु' भनी फोन र लोकेसन दिएँ। नजिकै रहेछ छोराको बसाइ। उसले सहजै थाहा पायो।

यात्राको साथी उमेशको घरमा बस्ने भएँ म एक रात! प्लेनमै चिनजान र आत्मीयता बढेको हो। पहिले कहिल्यै चिनजान थिएन। प्लेनमै हुँदा श्रीमतीलाई अनलाइनमा मेसेज पठायो। 'सँगै एक जना साथी आउँदै हुनुहुन्छ, खाना बढाएर बनाउनू।

'अर्को कुनै दिन आए हुन्न?' भनेँ उसलाई। कर गऱ्यो! पछि भनेको के हुन्छ हुन्छ, सँगै आएको बेला एक रात बस्नु न नाइँ भन्न सकिनँ। हुन्छ भनेँ।

प्लेनबाट ओर्लेर उसले उबर बुकिङ गऱ्यो। उबरमा सरासर उसको घर टेक्सास पुग्यौँ। फराकिला सडक, सफा सहर, हरियाली ,१०० प्रति घण्टा स्पिडमा हुइँकेका गाडी, मिलेका घर देखेर अचम्म लाग्यो। विकास भनेको यस्तो पो हुँदो रहेछ! नेपालसँग, खास गरी काठमाडौँसँग तुलना गरेँ।

घरको गेटमा पुगेपछि घण्टी बजायो उसले। गेट खोल्न एक जना महिला आइन्। यसो हेर्छु- सरिना! झड्का लाग्यो मलाई। असिनपसिन भएँ।

'के भयो?' सोध्यो उमेशले।

'केही भा छैन' बल्लतल्ल सम्हालेँ आफूलाई।

कसरी बोल्नु? के बोल्नु भयो! तैपनि नमस्ते गरेँ मैले। उसले श्रीमती सरिना भनेर चिनायो। एक वर्ष अगाडि मात्र विवाह भएको रे उसको र सरिनाको। सरिनासँगका विगत फिल्मझैँ दिमागमा खेलाए मैले। रातभर छटपटिएँ। कहिले 'भोलि होला र जाउला' भन्ने लाग्यो। साह्रै कष्टसाथ बित्यो त्यो रात।

संयोग पनि कस्तो क्या! कहिल्यै कल्पना नगरेका मानिससँग भेट हुन्छ। बेस्सरी रिसाएकी सरिनालाई पुनः देखेँ। पुनः भेटेँ। नभेटेको भए पनि हुन्थ्यो। तर भेटेँ। उसैले पकाएको खान पाएँ फेरि। के सोची उसले कुन्नि? यत्रो ठुलो पृथ्वी पनि कति साँघुरो क्या! भेट्न मन थिएन। तैपनि भेटेँ। नरमाइलो लाग्यो।

अझ संयोग उसैको श्रीमानलाई एउटा असल साथीको रूपमा भेटेँ मैले।

## पुनर्जन्म



• हिरण्यकुमारी पाठक

म बसिरहेछु आफ्नै कोठाको झ्याल सामुन्ने । मौसम धुम्म छ । मन पनि धुम्मिएको छ । पर आकाशमा फरर पखेटा चल्दै केही चराहरू उड्दै छन् ।

आफ्नो गन्तव्यको खोजीमा । कता जान्छन् होला ती चरीहरू अन्धकार सूर्यलाई छोपी रात पर्छ अनि आजसम्मका सबै घटनाहरू भोलि इतिहासमा परिणत हुन्छन् । विधिको यही नै नियम छ मनमा अनेक कुरा सलबलाइ रहेछ, आकाश कालो बादलले घेरिइसक्यो । गडगडाहटको ध्वनिले मन विचलित हुन लाग्यो । म उठेँ, मनभरि भुइँचालो बोक्दै चुपचाप ओछ्यानमा पल्टेँ, सिरकले मुख छोपेँ । अनेक कुरा मनमा खेलिरहेछ । कुनै सकारात्मक छ भने कुनै नकारात्मक । मनलाई शान्त गर्न खोज्छु, आँखा चिम्म पार्दै निद्रादेवीको काखमा लुटपुटिन पुग्छु ।

म पुग्छु साहित्य जगत्मा कविता वाचन गर्न तर सबै सबै कोठा खाली खाली छन् । फगत साहित्यकारहरूको तस्बिर मात्र प्रज्ञा भवनको गरिमा बढेको रहेछ । म त्यहाँबाट फेरि असन इन्द्रचोक पुग्छु । दोहोरो लाइन पसलसँगै छरपस्ट सडक छेउ पसारिने कपडाका पसलहरू केही पनि देखिदनँ । सुनसान सुनसान सडकमा ओहोर दोहोर गरिरहेका सुरक्षाकर्मीका पदचाप सुन्दै म त्यहाँबाट पुनः न्युरोडतिर लाग्छु । त्यता त झनै कहाली लाग्ने सुनसान । खै त्यत्रा सुन चाँदीका लाम लागेका पसलहरू खै न्युरोडलाई शोभायमान बनाएका गरिमामय पसलहरू सबै सबै नै बन्द छन् । न्युरोड गेटबाट परपरसम्म आँखा पुऱ्याउँछु । सबैतिर शून्यवत दृश्य मानौँ कुनै अदृश्य शक्तिले अप्रत्याशित शासन गर्दै छ । परबाट दुई तीन वटा कुकुर भुक्दै भुक्दै आएर मेरासामु झन कराई कराई भुके । मानौँ उनीहरू मलाई यहाँ यति बेला किन आएको जाउ जाउ भन्दै छन् जस्तो लाग्यो । एकै छिनमा हावा चल्न थाल्यो, अहो हुरी आउला जस्तो पनि भयो । मलाई मनमा केही अनिष्टताको आभास भयो र वेगले फर्के घरतिर । बाटादेखि नै रुघा खोकी लाग्ला जस्तो भयो । घरमा गएर पनि सिरक ओढी सुतेँ । रातभरि ज्वरो आयो नराम्रोसँग । परिवारले डाक्टरलाई फोन गरे र अस्पताल लगे ।

उही कोरोना निर्मूल गर्ने अस्पतालमा एउटा बेडमा लगे र बली विस्तारसँग जाँच गर्दै मेरो टेस्ट गरे । दुई दिनपछि मलाई कोरोना भाइरस भएछ पोजेटिभ रिपोर्ट आयो । ज्वरो झन् झन् बढ्दै छ, जिउ आलस्यले चल्न दिएको छैन । म झन्डै बेहोस जस्तै छु । घरपरिवार आउँछन् निनाउरो अनुहार लिएर, परै बस्छन्, मलाई छुन बर्जित छ ।

भोलिपल्ट डाक्टरहरूको अचुक निगरानीमा मलाई मृत्यु घोषित गरे । परिवारलाई खबर गयो । लासलाई बाहिर बरन्डामा राखे । सबै सबै आए तर सबै नै दुई तीन फिटको दुरीमा नै उभिइरहे । साथीहरू आए, अहो कस्तो गजब मेरो प्यारो साथी त गइछ । तर कोही पनि नगिच आएनन् । अस्पतालका मानिसले मेरो सम्पूर्ण शरीर सेतो वस्त्रले ढाकिदिएका छन् ।

निकै बेरेपछि खबर आउँछ ल ल लासलाई लैजानु पऱ्यो, यहाँ धेरै बेर राख्न मिल्दैन । को हो परिवार ? इष्ट, मित्र लैजानु पऱ्यो । भन्दै नर्सहरू कराउन थाले । तर वरिपरि उभिएका परिवार साथीभाइ, इष्ट, मित्र सबै सबै नै लासको नगिच जान डराएका छन् । कोरोनाको छुत उनीहरूलाई पनि आउँछ भन्ने डरले सबै एकैछिनमा पलायन हुन्छन् ।

ज्ञ अलपत्र छ, बेबारिसे भएको छु । केही समयपछि पुलिसको एक डफ्फा आउँछ र हैन यो कसको लास यसरी बेवारिसे गरी बाहिर राखेको । यसरी यहाँ राख्न पाइँदैन, ल ल यसको बन्दोबस्त गरिहाल्नु पऱ्यो भन्दै लट्ठी लासमाथि बजारेछन् । लट्ठीको बजारिएको आवाजले ऐया भन्दै म कराउँदै उठ्छु । सामुन्ने आमालाई

❖ बाँकी तेस्रो पृष्ठमा

# तिहारमा देउसीको महत्व



• इन्द्रप्रसाद ओली

तिहार सनातन हिन्दू धर्मावलम्बीहरुको दशैंपछिको दोस्रो ठूलो पर्वको रुपमा लिने गरिन्छ। कार्त्तिक कृष्ण पक्ष त्रयोदशीका दिन काग तिहारको नामले शुरु भएर शुक्ल पक्षको द्वितीया तिथिको भाइटीकासम्म (पाँच दिन) मनाइन्छ। पाँच दिनसम्म मनाइने भएकाले यसलाई यमपञ्चक पनि भनिन्छ। यो पाँच दिवसीय पर्वका फरक - फरक विशेषता छ। सनातन हिन्दू धर्मावलम्वीले दीपावली (दिवाली)को रुपमा यस पर्वलाई धुमधामसाथ मनाउँछन्।

तिहारको सन्दर्भमा चर्चा गर्दा तिहारमा देउसीको निक्कै ठूलो महत्व छ।समूहमा मिलेर गाइने गीत देउसी हो जुन तिहारको बेलामा मात्र गाइन्छ। नेपालको यो एउटा पुरानो लोकप्रिय संस्कृति हो जसमा महिला / पुरुषहरू जम्मा भएर आफ्नो छिमेकीहरूको घर-घरमा गएर गीत गाउँछन्। देउसी/ भैलो खेल्न केटाकेटी युवा वयस्कदेखि पाका उमेर समेतका दाजुभाइ दिदीबहिनीहरु निकै रमाइलो मानी देउसी / भैलो खेल्ने प्रचलन छ। टोली नाइकेले लय हालेर नाटकीय शैलीले भट्याउने र सहभागीहरूले देउसीरे भन्दै सामूहिक रूपमा नाच्ने गाउने गरिन्छ। नेपालको यो परम्परा सनातन कालदेखिकै मौलिक विशेषता हो। नाच्ने गाउने क्रममा घरमुलीलाई फुर्काइ - फुर्काइ चारमुखे थैली खोल्नै लागे, घरधनी बाआमाको मन ठूलो छ, ठुला घरको ठुलै चाल, छानामाथि घिरौला के के दिन्छन् हेरौला, नाउँ मेरो कालु यतिका साथी कसरी पाँलु, यसै क्रममा हामी त्यसै आएनौ बलिराजाले पठाएको भनेपछि घरधनी बाआमाले देउसी, भैलोलाई मुठी खोलेर दान दिन्छन् र साथमा मिठामिठा परिकार सेलरोटी अनारसा पत्रे फलफुल भट्याउने नाइकेलाई माला समेत लगाइदिएर टोपीमा पैसा समेत सिउरीदिने समेत चलन छ।

देउसी/भैलो प्रदर्शन गर्ने अभ्यासको उत्पत्तिको बारेमा पौराणिक कथा विभिन्न छन्। तर मुख्य दुई कथाहरूलाई विशेषतः बढी चर्चा गरि गाउने गरिन्छ।



पहिलो प्रसङ्गमा-तिहारका सम्बन्धमा सनातन धर्मशास्त्रका पौराणिक कथाहरूलाई आधार मान्दा सूर्यका छोरा यमराजले आफ्नी बहिनी यमुनाको निम्तो स्वीकार गरी बहिनीका घरमा गई रमाइलो मनाएको हुँदा यी पाँच दिनलाई यमपञ्चक भनिएको भन्ने तर्क पाइन्छ। पाँच दिनसम्म रहँदा यमुनाको व्यवहारले निकै प्रसन्न भई यमराजले बहिनी यमुनालाई जे मन लाग्छ वर माग भन्दा यमुनाले हरेक वर्ष आजकै दिन मलाई भेट्न आउनु पर्ने, साथै दिदीभाइ र दाजुबहिनीको प्रेम सदा अटल रहोस् साथै दाजुभाइको आयू, कीर्ति सदा वृद्धि होस् भन्ने वरदान मागिन्। यमराजले पनि तथास्तु भन्दै वरदान दिई आफ्नी बहिनीसँग बिदा भई गएको प्रसङ्ग उल्लेख गरिएको छ। यसै मान्यतालाई निरन्तरता प्राचीनकालदेखि वर्तमानसम्म अविच्छिन्नरूपले यो पर्व मानिँदै आएको भनी चर्चा गरेको पाइन्छ।

यसैगरी दोस्रो प्रसङ्गमा - सनातन हिन्दू पौराणिक कथा अनुसार, राजा महाबली, हिरण्यकश्यपुका पनाति, प्रह्लादका नाति र विरोचनका छोरा, पटलका एक धैरै उदार र बुद्धिमान दैत्य राजा थिए। उनले एक पटक देवहरू र तिनीहरूका राजा इन्द्रलाई पराजित गरे र देवलोक (स्वर्ग) को सिंहासन दाबी गरे। त्यसपछि देवताहरू भगवान विष्णुकहाँ मद्दत माग्न गए। आफ्नो विजयपछि, राजा बलीले अश्वमेध अनुष्ठान गर्ने निर्णय गरे। अनुष्ठान गरिरहँदा, भगवान विष्णु आफ्नो बौना पुजारी अवतार, वामनमा बलीसामु प्रकट भए। अनुष्ठानको क्रममा पुजारी वा ऋषिलाई दान दिने चलन थियो। त्यसैले, राजाले वामनलाई आफ्नो इच्छा पूरा गर्न भने। वामनले तीन फिट जमिन मागे। राजा बलीले वामन पुजारीलाई तीन फिट जमिन दान गर्न राजी भए। वामनले आफ्नो पहिलो पाइला राखे तर त्यो आकारमा विस्तार हुन थाल्यो। ऊ यति ठूलो भयो कि उसको एक खुट्टाले सम्पूर्ण पृथ्वी ढाक्यो। दोस्रो पाइलाले देवलोक (स्वर्ग) ढाक्यो। वामनलाई आफ्नो तेस्रो पाइला राख्ने ठाउँ थिएन। त्यसैले, राजाले तेस्रो पाइला राख्नको लागि आफ्नो टाउको वामनलाई अर्पण गरे। वामनले आफ्नो खुट्टा बलीको टाउकोमा राख्नेबित्तिकै, बाली पाताल लोक (भूमिगत क्षेत्र) मा फर्किए।त्यसपछि राजा बलीले वामनसँग "मृत्युलोक" मा चढ्न सक्षम हुनको लागि इच्छा मागे। भगवान विष्णुले राजा बलीलाई "यम पञ्चक" मा पाँच दिनको लागि "मृत्युलोक" मा चढ्न सक्षम हुन अनुमति दिनुभयो।त्यसपछि मानिसहरूले महाबलीको उदारताको सम्मानमा देउसी प्रदर्शन गर्न थाले। "देउसिरे" शब्द नेपाली भाषामा "देउ" र "सर" शब्दहरूबाट उत्पन्न भएको भनिन्छ, जसको अर्थ "दिनु" र "टाउको" हो।भैलोमा पनि गीतको एउटा पदले राजा बलीलाई जनाउँछ। यसरी देउसी खेल्ने परम्परा रहेको हो भनिएको छ।

किंवदन्तीहरुमा अन्य विषयहरु उठाएको पाइन्छ तर विशेषत यिनै दुई कथा लाई बढी प्राथमिकतामा राखि देउसी खेल्ने गरेको पाइन्छ।

देउसी/भैलो खेल्दा आफ्नो स्थानीय क्षेत्रमा घुम्ने पुरुष र/वा महिलाहरूको समूहद्वारा देउसी/भैलो गीत र अन्य गीतहरू गाउँदै सांस्कृतिक मनोरञ्जन प्रदान गर्दछ।समूहमा सामान्यतया एक प्रमुख नेताले भट्याउने वा गीत उठाउने र सहभागीहरू मिलेर स्वरमा स्वर मिलाइ गाउने देउसिरे भन्ने गरिन्छ। एउटा घरमा लगभग २५ मिनेटदेखि ४५ मिनेटसम्म खेलिन्छ। त्यसपछि अर्को घर गर्दै सर्दै खेलिन्छ। लक्ष्मी पुजाको दिनदेखि भाइटीकाको बेलुकासम्म खेल्ने गरिन्छ। लक्ष्मी पुजा गरिसकेपछि आमा ,दिदीबहिनीहरु "हरियो गोबरले लिपेको, लक्ष्मी पूजा गरेको हे! औंसीको बारो, गाई तिहारो भैलो हामी त्यसै आएनौं, बलि राजाले पठा'को हे! औंसीको बारो, गाई तिहारो भैलो " "हामी त्यसै आएनौ, बली राजाले पठाए" भन्दै मादल बाँसुरी, झ्याम्टा र ताली बजाउँदै उत्साहित भएर भैली खेल्दछन्।

त्यसै गोवर्धन पुजाको बिहानैदेखि देउसी सुरु गरिन्छ।

देउसी टोलीको मुख्यले भन्छ - "आहै, भन मेरा भाइ हो"
समूह - देउसुरे!
मुख्य - " हे राम्ररी भन"
समूह - देउसुरे!
मुख्य - "आहै,स्वर मिलाई भन"
समूह - देउसुरे!
मुख्य - "आहै, भन न भन"
समूह - देउसुरे!
मुख्यः "आहै देउसीरे खेल्न"
समूहः देउसूरे!
मुख्यः"आहै आएका हामी"
समूहः देउसुरे!

यस्तै प्रक्रिया चल्दै विचविचमा गीत समेत गाइन्छ।देउसी खेल्दा घरभेटी बाआमाबाट नाङ्लोमा दियो कलश चामल, रुपैयाँ पैसा, सेलरोटी फलफूल आदि लिएर नाँच्दै देउसेको विचमा ल्याएर राखी दिएर बाआमा र घरका सदस्य स्वरमा स्वर मिलाएर देउसीलाई स्वागत गर्दै हौसला प्रदान गर्दछन्।

देउसीको अन्त्यमा मुख्य ब्यक्तिले लयबद्ध भट्याएर घरका सबै जनालाई शुभकामना र आशिष दिन्छ र समूहका सदस्यहरु दान दिएको नाङ्लो वरिपरि दाइनेबाट घुम्दै नाच्दै देउसुरे भन्दै लेखको काने औलाको माने, आशिष दिने यत्तिकै जाने भनी विदा माग्दै देउसी समापन गरिन्छ।

## चौथो बिर्तामोड रनको उपाधि नरेन्द्र र पुष्पालाई

झापा(प्रस) ।चौथो बिर्तामोड रनको उपाधि नरेन्द्रसिंह राउत र पुष्पा शेर्मा लिम्बूले जितेका छन्। अनारमनी सामाजिक युवा क्लबको आयोजनामा शनिवार बिहान भएको सो दौड प्रतियोगितामा पुरुषतर्फ प्रथम हुँदै नरेन्द्रसिंह राउतले नगद २५ हजार, मेडल र प्रमाणपत्र पाएका छन्। त्यस्तै दोस्रो भएका कुलबहादुर बस्नेतले १५ हजार, मेडल र प्रमाणपत्र तथा तेस्रो भएका तेन्जिन शेर्पाले १० हजार मेडल र प्रमाणपत्र पाएका छन्।

महिलातर्फ प्रथम हुँदै पुष्पा शेर्मा लिम्बूले २५ हजार नगद, मेडल र प्रमाणपत्र पाएकी छन्। दोस्रो भएकी दिपा बस्नेतले १५ हजार, मेडल र प्रमाणपत्र तथा तेस्रो भएकी मन्दिरा महताराले नगद १० हजार, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन्।

अनारमनी सामाजिक युवा क्लबका अध्यक्ष राज मुखियाको अध्यक्षता तथा बिर्तामोड नगरपालिकाका नगर प्रमुख पबित्रा महतारा प्रसाईको प्रमुख आतिथ्यमा भएको समापन कार्यक्रममा अतिथिहरुमा मेची आँखा अस्पतालका अध्यक्ष जलकुमार गुरुङ ,बिर्तामोड वडा नं १० का वडा अध्यक्ष दुर्योधन गुरुङलगायतको उपस्थिति रहेको थियो। दौडमा, नेपाली सेना, नेपाल प्रहरी ,बिभिन्न स्थानबाट आएका प्रतिष्पर्धीहरुको सहभागिता रहेको थियो।

## तीन महिनामा १८ प्रतिशत बजेट खर्च



झापा(प्रस) ।चालु आर्थिक वर्ष २०८२/८३ को सुरुआती तीन महिनामा सरकारले १८ प्रतिशत बजेट खर्च गरेको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार गत असोज मसान्तसम्ममा तीन खर्ब ६४ अर्ब ५८ करोड ९४ लाख रुपैयाँ अर्थात् वार्षिक विनियोजनको १८ दशमलव ५६ प्रतिशत खर्च भएको हो।

चालु आर्थिक वर्षका लागि सरकारले १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको बजेट ल्याएको थियो।

कार्यालयका अनुसार असोज मसान्तसम्ममा चालुगत शीर्षकमा वार्षिक विनियोजनको २१ दशमलव ७५ प्रतिशत अर्थात् दुई खर्ब ५६ अर्ब ८० करोड ६० लाख रुपैयाँ खर्च भएको छ। यस्तै, पुँजीगत शीर्षकमा वार्षिक विनियोजनको चार दशमलव सात प्रतिशत अर्थात् एक १९ अर्ब १८ करोड ३४ लाख रुपैयाँ र वित्तीय व्यवस्था शीर्षकमा २३ दशमलव ६१ प्रतिशत अर्थात् ८८ अर्ब ६० करोड रुपैयाँ बराबर खर्च भएको छ।

यही अवधिमा सरकारको राजस्व सङ्कलन वार्षिक लक्ष्यको १६ दशमलव ५१ प्रतिशत छ। यस वर्षका लागि सरकारले १५ खर्ब ३३ अर्ब ३३ अर्ब ४४ करोड ६९ लाख रुपैयाँ राजस्व उठाउने लक्ष्य राखेकामा हालसम्म दुई खर्ब ५३ अर्ब १८ करोड ७९ रुपैयाँ असुली भएको हो।

आन्तरिक राजस्वतर्फ १४ खर्ब ८० अर्ब रुपैयाँ उठाउने सरकारी लक्ष्य रहेकामा असोज मसान्तसम्ममा वार्षिक लक्ष्यको १६ दशमलव ८३ प्रतिशत अर्थात् दुई खर्ब ४९ अर्ब पाँच करोड १४ लाख रुपैयाँ असुली भएको छ।

यसैगरी ५३ अर्ब ४४ करोड ६९ लाख रुपैयाँ वैदेशिक अनुदान लिने लक्ष्य रहेकामा हालसम्म तीन दशमलव ७६ प्रतिशत अर्थात् दुई अर्ब ७२ लाख रुपैयाँ प्राप्ति भएको छ।

### दाजुभाइ...

गरिन्छ। यस दिन दिदीले भाइलाई र बहिनीले दाजुलाई तथा भाइले दिदीलाई र दाजुले बहिनीलाई विशेष मानसम्मानका साथ विधिपूर्वक पूजाआजा गर्ने, मेवा मिष्ठान्न दिने, दिदीबहिनीलाई दानदक्षिणा एवम् वस्त्र दिने परम्परा छ। तिहारमा दिदीबहिनी (चेलीबेटी) हरुले दाजुभाइ (माइती)लाई सप्तरंगी टीका र माला लगाइदिएर दिर्घायूको कामना गर्दछन्। मीठा मीठा खानेकुराहरु खान दिन्छन्। भाइटीका गर्न आवश्यक पर्ने ओखर, तोरीको तेलबिमिरा, मसला, मखमली, दूबो तथा सयपत्रीको माला, रोटी, मीठा-मीठा परिकारको अघिबाटै चेलीबेटीहरुले व्यवस्थापन गरेका हुन्छन्। दिदीबहिनीले दाजुभाइको यश, आरोग्य, दीर्घायूको कामना गर्दै निधारमा सप्तरङ्गी टीका; पहेंलो, नीलो, सुन्तला रङ्गको, सेतो, हरियो, रातो र कालो सात रङ्गका टीकालाई निधारमा उद्धर्वाकार रेखामा सिधा लगाइन्छ। दाजुभाइप्रतिको प्रेम रंगजस्तै गाढा तथा निरोगी भैरहने विश्वास गरिन्छ। पूजा-पाठपछि टीका थाप्दा आत्मामा धेरै आनन्दानुभूति प्राप्त हुन्छ। टीका लगाइदिएपछि दिदीबहिनीले उपहार दिन्छन् भने दाजुभाइले पनि आफ्नो गच्छेअनुसार वस्त्र तथा दक्षिणा आदि प्रदान गरि भाइटीका पर्व धुमधामसँग मनाउँछन्। दाजु-भाइको मंगलको कामना गर्दै ढोकामा ओखरको तथा यमराजको पूजा गरी कालको बाटो छेक्छन्। पानी तथा तेलले सात घेरा हाली दाजुभाइलाई छेक्ने चलन पनि छ। फूल, अक्षता, चन्दन तथा लाभाले पूजा गरी दाजुभाइको शिरमा तेल लगाइदिने,सगुनका रूपमा दही दिने प्रचलन पनि छ। खासगरी भाइटीकाका दिनमा दाजुभाइलाई लगाइदिने मखमली, सयपत्री तथा दूबोको मालाको छुट्टै महत्व रहेको पण्डित खनालको भनाई छ। मखमली कहिल्यै ओइलाउँदैन, सयपत्रीको रंग कहिल्यै उडेर जाँदैन भने दूबो सधै हरियै रहन्छ। अझ लक्ष्मीपूजाका दिन महिलाहरुले खेल्ने भैलो र गोवर्द्धन पूजाको दिन पुरुषहरुले खेल्ने देउसीले तिहारलाई झन रौनक थप्ने गरेको छ। देउसी भैलो परम्पराले तिहारलाई थप उल्लासमय बनाएको छ, भने ज्योतिको पर्वका रूपमा मनाइने तिहार, दीपावली, म्हपूजा, आदि पर्वको मिश्रित रूप पनि हो। धनकी देवी लक्ष्मीको पूजा गर्दा धनधान्य हुने विश्वास गरिन्छ।

घरको रक्षक कुकुर, गाई (लक्ष्मी), गोरु र गोबरको पुजा गरिन्छ। पशुपंक्षी र जनावरको समेत पुजा गरिने भएकाले प्रकृतिसंगको सम्बन्ध पनि तिहार हो भन्दा अत्युक्ति नहोला। विशेषगरी नाचगान गर्दै खेलिने देउसी भैली तिहारको अरू चाडभन्दा पृथक विशेषता हो। तिहारको बेलामा देउसी भैलो खेलेर रकम संकलन गर्ने उपयुक्त मौका पनि हो। संघसंस्था, क्लब, आमा समूह, राजनैतिक पार्टी र तिनका भ्रातृसंस्था सबैले तिहारमा देउसी भैलो खेलेर रकम संकलन गर्ने गरेका थुप्रै उदाहरण पनि छन्। त्यसरी संकलन भएको रकमले समाजमा केही न केही नवीनतम् काममा लगाइने गरिएको छ। यस क्रममा उठाइने पैसा सामाजिक सेवामा लगाउने क्रम बढ्दै गएकाले पनि स्वतःस्फूत रुपमा रकम दिने गरिन्छ। वास्तवमा रमाइलो र मनोरञ्जनका लागि खेलिने देउसी भैलो रकम संलकन गर्ने माध्यम बन्दै गएको छ। देउसी भैलोको मौलिक र सांस्कृतिक पक्ष भए पनि पछिल्लो समय पश्चिमा संस्कृतिका कारण संकटमा पर्दै गएको जानकारहरु बताउँछन्।

तर, जिल्ला प्रशासन कार्यालय झापाले भने तिहारको अवसरमा खेलिने देउसी-भैलो राति ९ बजेसम्म मात्र खेल्न आग्रह गरेको छ। कार्यालयले सार्वजनिक गरेको सूचनामा शान्ति सुरक्षाको कारण देउसी-भैलो जस्ता सांस्कृतिक कार्यक्रम राति ९ बजेपछि नगर्न अनुरोध गरेको हो। चाडपर्वलाई लक्षित गर्दै प्रशासनले आठ बुँदे सूचना पनि जारी गर्दै देउसी-भैलो राति ९ बजेसम्म सीमित गर्न, जुवातास र डाइस खेल नगर्न, आतंक सिर्जना हुने गरी पटाका पड्काउन वा आतिशबाजी गर्न निषेध गरिएको छ। त्यसैगरी, प्लास्टिकका फूलमाला प्रयोग नगरी प्राकृतिक फूल र माला प्रयोग गर्न, अखाद्य तथा म्याद गुज्रिएका वस्तु बिक्री नगर्न, मूल्य वृद्धि र कृत्रिम अभाव सिर्जना नगर्न र सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नराख्न आग्रह गरिएको छ। तिहारसँग नेवार समुदायको समधुर सम्बन्ध पनि छ। नेपालको आफ्नै मौलिक सम्वत् पनि तिहारकै बेलाबाट शुरु हुने हुँदा नेपाल सम्वत ११४२ पनि प्रारम्भ हुदैंछ। नेपाल सम्वतको महत्व शंखधर शाख्वाले काठमाडौंवासीको ऋण तिरिदिएको हुँदा उनलाई सम्झिने दिन पनि नेपाल सम्वत् भएको नेवाः समाज मेचीनगरका पूर्व अध्यक्ष उदयकुमार श्रेष्ठको भनाई छ। उनका अनुसार तिहारकै बेला नेवार सम्प्रदायले आत्मसुद्धि गर्ने, म्ह पुजा गर्ने र नयाँ वर्ष नेपाल सम्वत् मनाउने गर्दछन्। जुनसुकै रुपमा तिहार मनाइए पनि यसले नेपालको सांस्कृतिक विशेषतालाई नै उजागर गर्छ। उज्यालो पर्व तिहारले सबै नेपालीजनमा सद्बुद्धिका दिओस्। शुभकामना। शुभ तिहार।

### पुनर्जन्म...

देखैं, डरले आमालाई बेजोडले अँगालोमा भित्र्याएँ। एकैछिन अघिको दृश्य त भयावह दृश्य आँखामा नै छ म त मेरै कोठामा छु र मेरी आमा मसँगै छन् भन्ने ढुक्क भएपछि म आमाको अँगालोबाट छुट्टिएँ। "हैन के भयो तिमीलाई छोरी ?" साँझ पर्न लागिसक्यो कति सुतेकी भनेर म त उठाउन आएको। किन यसरी आत्तिएको केही नराम्रो सपना देख्यौं कि के हो नानु ? भन्दै आमाले मलाई मायाले मुसार्नुभयो। म गदगद भए हर्षको आँसुले वाक्य पनि निस्कन सकेन र आफूलाई सम्हाल्दै पुनः आमाको अँगालोमा बेरिँदै भने, हो आमा हो। मैले विकट सपना देखैं र आज मेरो पुनर्जन्म भयो आमा। मेरो पुनर्जन्म भयो। अब मलाई केही हुँदैन आमा, धन्दा नमान्नुस् भन्दै म एकाएक रुन थालैं। आमा मलाई सान्त्वना दिँदै खाजा लिन जानुभयो। म एकछिन सपनामा चलचित्रमा देखे झैँ एक एक दृश्यलाई सम्झन थालैं। यो कोरोनाले मृत्यु भएपछि त सबैसँग सम्पर्कविहीन नै पार्दो रहेछ। यो अदृश्य शक्तिलाई हामी आफैंले परास्त गराउनै पर्छ। मेरो मनमा एउटा पुनः अदृश्य शक्ति उत्पन्न हुन्छ। म यसको विरुद्धमा लड्नलाई आफू मात्र हैन अरूलाई पनि सचेत गराउँछु भन्ने भावनाले हात मिची मिची धुन्छु। मास्क लगाएर आमा छेउ पनि एक फिटको दूरी राख्दै खाजा माग्छु र खान्छु। अघिको दुःस्वप्नलाई भुलाएर अघि बढाउँछु आफ्नो पुनर्जन्मलाई।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस्।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५६५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष**: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ। स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष**: भगवानको आशीर्वादले भने काम बन्नसक्छ। लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन**: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। आकस्मिक धन लाभ हुनेछ।

**कर्कट**: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ। तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह**: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन्।

**कन्या**: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला**: सामान हराउने वा चोरी हुने सम्भावना छ।

**वृश्चिक**: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला। कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन्।

**धनु**: आज नयाँ र शुभ समाचार सुन्न पाइएला। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ।

**मकर**: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। जोशजाँगर र हिम्मत पनि

**कुम्भ**: कला र गलाको प्रभाव बढ्नेछ। वैदेशिक कार्य पनि अघि बढ्नेछ।

**मिन**: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ